# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, माघ ५ गते २०४३ साल (संख्या ४०

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी विकास कोषको योजना क्षेत्रमा लुम्बिनी विकास कोष अन्तर्गत निर्माण हुने यात्रु विश्राम गृहको लागि देहायका उद्योगहरूबाट देहायका निर्माण सामग्रीहरू खरिद गर्दा लाग्ने अन्तःशुल्क रकम पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

१. सिमेन्ट – ६,००० बोरा – हिमाल सिमेन्ट कारखाना (ने.ट्रे.लि. भैरहवा मार्फत)
२. छड – ३५ मे. टन – हिमाल आईरन एण्ड स्टिल, परवानीपुर (भैरहवा शाखा)
३. टिम्बर – २,००० घ.फि. – टिम्बर कर्पोरेशन अफ नेपाल (बर्दघाट, चोरमारा)

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सव केन्द्रीय समन्वय समिति र एम. एम. फिल्मस प्रोडक्सनको संयुक्त लगानीमा दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सव-

४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को उपलक्ष्यमा निर्माण गर्न लागेको "पच्चीसौं वसन्त" चलचित्रको लागि कच्चा फिल्म ५८ हजार फिट, फोटोग्राफिक पेपर र फोटो खिच्ने फिल्म १३० रोलको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपले छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी प्लान इन्टरनेशनल नेपालले जापानबाट खरिद गरी पैठारी गरेको जापानी येन २४७४ ५१०।– मूल्य बराबरको बि. जे. ६० आर भी- केसी. इन्जिन नं. ३ बि.०८०५६५५ को टोयोटा ल्याण्ड क्रुसर स्टेसन वेगन गाडी थान १ एकको भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपले छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ४

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी शाही औषधि अनुसन्धान शालाको पाईलट कार्यक्रमलाई औषधि बनाउनको लागि वीरगञ्ज चिनी कारखाना लिमिटेडबाट खरिद गरिने ६००० (छ हजार) लिटर रेक्टिफाईड स्प्रीटमा लाग्ने बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ५

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उप-दफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालले जापानको Institute of immunology बाट उपहारस्वरूप प्राप्त गरेको जापानी येन १,०६,१९५ मूल्य बराबरको मेडिकल उपकरणहरूमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपले छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ६

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालले पश्चिम जर्मनीबाट उपहारस्वरूप प्राप्त गरेको डी. एम. ९, ३४६।१६ मूल्य बराबरको मेडिकल सामानमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।



४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले स्थापना गर्ने रेडियशन मनिटरिङ्ग स्टेशनको लागि अमेरिकी राजदूतबाट उपहारस्वरूप प्राप्त भएको अमेरिकी डलर १७,८६८।– मूल्य बराबरको सामानहरूमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपले छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ८

श्री ५ को सरकारले विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष अन्तर्गत संचालित अन्नपूर्ण संरक्षण आयोजनाको लागि खरिद गरिने मूल्य रू. ३३,१८६।३० पर्ने नेपोथिन एच. डी. पी. पाइपमा लाग्ने विक्रीकर पूर्णरूपले छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ९

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाईटीद्वारा संचालित रक्त संचार सेवाको निमित्त सिंगापुरस्थित जापान मेडिकल सप्लाईबाट यू. एस. डलर २६,५००।– मूल्य बराबरको विभिन्न नापको रक्त संकलन प्याक खरिद गरी पैठारी गर्दा लाग्ने भन्सार महसूल एक प्रतिशत मात्र लिने तथा विक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना १०

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वन विभाग अन्तर्गत तराई सामुदायिक वन विकास आयोजना, हेटौंडाको लागि आई. डी. ए. को ऋण सहयोग अन्तर्गत खरिद भई पैठारी भएको मूल्य जापानी येन ३७,५०,४५०।– पर्ने टोयोटा कोरला कारगाडी ३ (तीन) थानको भन्सार महसूल १% (एक) प्रतिशत मात्र लिने र विक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव



४६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४३।८।२६ को निर्णयानुसार भूमिसम्बन्धी ऐन, २०२१ को दफा २४ क. ले दिएको अधिकार प्रयोग गरी हदबन्दीभन्दा बढी प्राप्त गरेको बर्दिया जिल्लाको जग्गा गैरकानूनी तरिकाले बिक्री-वितरण गरेको सम्बन्धमा आवश्यक जांचबुझ तथा कार्यवाही गर्न भूमिसुधार कार्यालय, बर्दियाका श्री भूमिसुधार अधिकारीलाई तोकिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
जीवनलाल सत्याल
श्री ५ को सरकारको सचिव



460

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४३।७।१४ को निर्णयानुसार नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, ट्रान्सपोर्टेशन उपसमूहका रा. प. तृतीय श्रेणीका देहायका व्यक्तिलाई सोही सेवा, समूह उपसमूहको रा. प. द्वितीय श्रेणी (सहायक सचिवस्तर) को पदमा बढुवा नियुक्ति गरी देहायबमोजिम पदस्थापना गरिएको छ ।

| क्र. सं. | नाम थर | पदस्थापना भएको पद, पदसंकेत नं. र कार्यालय |
|---|---|---|
| १. | श्री भीष्मबहादुर रायमाझी | डी. इ., नि।या।स।वि।०८।६, सडक विभाग, मेची अञ्चल कार्यालय । |
| २. | श्री माधवदास जोशी | डी. इ., नि।या।स।वि।०८।४, सडक विभाग, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय । |
| ३. | श्री सुरेशकुमार रेग्मी | डी. इ., नि।या।स।वि।०८।२ सडक विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय । |
| ४. | श्री विष्णुदास मानन्धर | डी. इ., नि।या।स।वि।०८।५ सडक विभाग, सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय । |
| ५. | श्री शंकर ठाकुर | डी. इ., नि।या।स।वि।०८।७ सडक विभाग, भेरी अञ्चल कार्यालय । |
| ६. | श्री शान्तविर सिंह तुलाधर | डी. इ., नि।या।स।वि। ०८।१, सडक विभाग, पूर्वाञ्चल क्षेत्रीय कार्यालय |
| ७. | श्री श्रीप्रसाद अग्रहरी | डी.इ., नि।या।स।वि।०८।८ सडक विभाग, सेती अञ्चल कार्यालय । |

आज्ञाले,
राजेन्द्रपुरुष ढकाल
उप-सचिव



469

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४३।८।६ को निर्णयानुसार काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिका शाखा अधिकृत श्री अच्युतानन्दप्रसाद राजभण्डारीलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२(२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२(१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ ।

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उप-सचिव

## भूलसुधार

खण्ड ३६, मिति २०४३।६।६, संख्या २४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना नं. २ को सि. नं. १०४ मा "अब्दुल जब्बार" हुनुपर्नेमा "अब्दुल अब्बार" हुन गएकोले भूलसुधार गरिएको छ ।

निर्माण तथा यातायात मन्त्रालय



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

८६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।